SERVICE CHILDREN'S EDUCATION

HORNBILL SCHOOL BRUNEI


**HORNBILL NEWSLETTER**
**Main Site Tel: 3224101 ext 3214/Fax: 3222133**
**Foundation Site Tel/Fax: 3333225**
**Email: office.hornbill@sceschools.com**
www.hornbillschool.com
Head Teacher Mrs Kathy Wood MBE MEd


शुक्रबार ०८ जनवरी २०१०

**Welcome**

**'Flying High'**
**Working together to Build a Successful Future for All**

## हाम्रो बिद्यालयको यस टर्मको मुल्यमान्यता धैर्य अनि उत्तरदायित्व रहेको छ ।

आदरणीय अभिभावकज्यु ,
हेड टिचर श्रीमती क्याथी वुड एम बी ई लगायत सम्पूर्ण स्टाफहरुको तर्फबाट हामी समस्त नानीहरु साथै अभिभावकहरुमा नयाँ बर्ष २०१०को आगमन संगै सफलता, सुख अनि समृद्धिको मंगलमय शुभकामना ब्यक्त गर्न चाहन्छौं । तपाईहरु सबैको बिदा रमणीय रह्यो होला भनी आशा गरेका छौं । श्रीमती वुड केही मिटिङ्ग अनि अन्तरवार्ताहरुको निम्ति यस हप्ता जर्मनीमा हुनु हुन्छ । बिहिबार १४ जनवरीमा बिद्यालय फर्कि आउनु हुनेछ । उहाँको अनुपस्थितिमा केही प्रश्न अथवा जिज्ञासा भए कृपया सुश्री निकोला पर्सी डिप्युटी हेडटिचर वा म संग सम्पर्क राख्न हुन आग्रह गर्दछु ।
तपाईको सप्ताहन्त रमणीय रहोस् ।
राजेश थापा ।
डिप्युटी हेडटिचर ।

**बधाई ।**
फेज १ (एफ एस) टिम लिडर अनि एसिस्टेन्ट हेडटिचरको स्थानमा नियुक्ति भएका श्री जोन रेडम्यान प्रति हार्दिक बधाई ब्यक्त गर्न चाहन्छौं । श्री रेडम्यान धेरै अनुभवी हुनु हुन्छ र उहाँको आई सि टि सम्बिन्धि ज्ञानहरुबाट हाम्रा नानीहरुले अवश्यै धेरै फायदा लिनेछन् । हामी उहाँलाई एसिस्टेन्ट हेडटिचरको नौलो भुमिकाको लागी सफलताको कामना प्रकट गर्न चाहन्छौं ।

**नेपाली पढाई अनि लेखाईको कक्षाहरु ।**
**हाम्रो नेपाली पढाई अनि लेखाईको कक्षाहरु आगमी सोमबार ११ जनवरीबाट आरम्भ हुनेछ ।**

**स्वागत ।**
बिहिबारबाट कक्षा २ रुबीमा भर्ना भएका नयाँ नानी टेरिजा मेरि मेकलिन र केभेन राई अनि कक्षा ६ मा भर्ना भएका नानी असिम राईलाई हामी हर्नबील स्कूलमा स्वागत गर्न चाहन्छौं । उनीहरुलाई हर्नबील बिद्यालयको बसाई रमाइलो लाग्ने भनी आशा गरेका छौं । त्यसै गरी हाम्रो कक्षा १मा नयाँ आउनु भएका नेपाली बिशेषज्ञ शिक्षक श्री ज्ञानेन्द्र ब्यॉक्समा  पनि हार्दिक स्वागत गर्न चाहन्छौं । श्री ब्यॉक्स नेपालबाट धेरै अनुभवहरु लिएर आउनु भएको छ अनि उहाँ धेरै कलाहरुको धनी पनि हुनु हुन्छ बिशेष गरी संगीतमा । उहाँको कला अनि अनुभवबाट हाम्रा नानीहरुले अवश्यै लाभ लिनेछन् । उहाँलाई हामी संग स्टाफको रुपमा पाउँदा खुशी लागेको छ साथै उहाँको यस हर्नबील बिद्यालयको बसाई रमणीय हुनेछ भनी आशा गरेकाछौं ।

**लअन्च प्याड ।**
अर्को हप्ता बिभिन्न समय अनुसार बिभिन्न कक्षाहरुको लअन्च प्याडहरु सम्पन्न हुनेछ । यस सम्बन्धमा थप जानकारीको निम्ति हामीले पत्र मार्फत सुचित गराएका छौं ।

स्वस्थ्य अनि तन्दरुस्त कसरी रहने ।
हाम्रो ताई चि सेसनहरु आगमी मंगलबार १२ जनवरीबाट मेन साइटमा बिहान ०७३० बाट ०७४५ बजे सम्म पुन आरम्भ हुनेछ । यस ताई चि सेसन हप्ताको प्रत्येक मंगलबार अनि बिहिबार संचालन हुनेछ । कृपया सहभागी भई आफ्नो दिनको शुरुआत स्वस्थ्य रुपमा गर्नु होला ।

**हेल्थ एण्ड सेफ्टी ।**
निर्माण कार्यले गर्दा **बिहान ७.१५ देखि ७.४५ बजे सम्म र दिउँसो १.१५ देखि १.४५ बजे** सम्मको समयका लागि बिद्यालय आउने मोटरबाटो नानीहरु ल्याउने स्कूलबसहरुका प्रयोगका लागि मात्र खुल्ला हुनेछ ।  कृपया, गत १५ डिसेम्बर २००९ मा पठाइएको स्ट्याण्डिंग अर्डरमा प्रकाशित निर्देशिकाहरु हेर्नुहोला । बाटो ब्यस्त हुने भएकोले साथै बसहरु पनि हुने भएकोले उक्त समयमा हामी नानी अनि अभिभावकहरुलाई बिशेष सतर्कता अप्नाउनु होला भनी आग्रह गर्दछौं ।

**फाउण्डेशन साइटको हालखबर ।**
यसै हप्ताबाट आउनु हुने हाम्रा निम्न नानीहरु अनि स्टाफहरुमा हामी स्वागत गर्न चहान्छौं । पंपल कक्षामा प्राकृति राई, सेसेहाङ्ग तुम्बापो, कृतज्ञ लिम्बु, युत्ता राई अनि श्रीमती सकुन्तला राई । ब्लु कक्षामा जर्ज बिल्यान, आरोन  गुरुङ्ग र श्रीमती सुमित्रा राई । रेड कक्षामा मिनाङ्ग राई अनि उषा गरुङ्ग र ग्रीन कक्षामा श्रीमती लवरा ओक्स । हामी अर्को हप्तामा हुने लअन्च प्याडको प्रतिक्षामा छौं । एफ एस १ ले क्याटरपिलरको जीवन चक्रबारे प्रत्यक्ष अध्ययन गर्न लिफ वल्क गर्नेछ भने एफ एस २ मा एक अदभुद पात्राको आगमन हुनेछ । आगमी सोमबार ११ जनवरीबाट एफ एस २को स्विमिङ्ग सेसन आरम्भ हुने जानकारी दिन पाउँदा मलाई खुशी लागेको छ ।एफ एस १ले भने १८ जनवरीको हप्ताबाट ब्लु र पंपलले बुधबार, रेडले बिहिबार अनि ग्रीन कक्षाले शुक्रबार आरम्भ गर्नेछ । एफ एस २को अर्को हप्ता बिहिबार हुने फोनिक्स सेसनको लागी नानीहरुले फेर्ने कपडा, छाता अनि वाटरप्रुफ कोट (यदि छ भने मात्र )ल्याउनु पर्नेछ ।



**फेमेली लर्निङ्ग प्रोग्राम ।**
हाम्रो यस टर्मको पहिलो एफ एल पी आगमी बुधबार १३ जनवरी १७०० बाट १७४५ बजे मेनसाइटमा फेज २ अनि ३ अर्थात कक्षा १बाट कक्षा ६का नानीहरुका अभिभावकहरुको निम्ति संचालन हुनेछ । यस सेसन एकाइसौं शताब्दीको पाठयक्रम अर्न्तगत रहनेछ यस तपाईहरुले यस पाठयक्रम सम्बन्धि बुझ्न अवशर पाउनु हुनु हनेछ साथै यस सम्बन्धि प्रश्नहरु गर्न सक्नु हुनेछ । कृपया आउनुहोला ।
हाम्रो अर्को एफ एल पी आगमी बुधबार २७ जनवरी १७०० बाट १७४५ बजे मेनसाइटमा फेज १मा अर्थात फाउण्डेशन स्टेजमा भएका नानीको अभिभावकहरुको लागी संचालन हुनेछ । यस सेसन अर्ली इर्यस फाउण्डेशन स्टेज करिकुलम अर्न्तगत केन्द्रित रहनेछ । तपाईहरुले यस पाठयक्रम सम्बन्धि बुझ्न अवशर पाउनु हुनु हनेछ साथै यस सम्बन्धि प्रश्नहरु गर्न सक्नु हुनेछ । कृपया आउनुहोला ।

**तपाईको डायरीको लागी ।**
०५जनवरी १०-  दोस्रो टर्मको लागी बिद्यालय पुन संचालन ।
११ जनवरी १० - मिड इयर एसेस्मेन्ट विक । एफ एस - कक्षा ६ लअन्च प्याड । नेपाली रिडिङ्ग एण्ड रार्यटङ्ग लेसनहरु आरम्भ ।
१२ जनवरी १० - ताइ ची सेसन मेन साइटमा ०७१५-०७४५ बजे । सबैलाई स्वागत छ  ।
१३ जनवरी १० - कक्षा १-कक्षा ६का नानीहरुका अभिभावकहरुको लागी एकाइसौं शताब्दीको पाठयक्रम अर्न्तगत फेमेली लर्निङ्ग प्रोग्राम मेन साइटमा १७०० बजे ।
१८ जनवरी १० -बिद्यालय समय पछि हुने क्लबहरु पुन संचालन ।
२५ जनवरी १० -प्यारेन्ट्स टिर्चस मिटिङ्ग आरम्भ ।
२७ जनवरी १० - एफ एसको अभिभावकहरुको लागी अर्ली इर्यस फाउण्डेशन स्टेज करिकुलम अर्न्तगत फेमेली लर्निङ्ग प्रोग्राम मेन साइटमा १७०० बजे ।